घोडाघोडी नगरपालिका
नीति तथा कार्यक्रम आ. व. २०७९।०८०

# १. आर्थिक विकास

## १.१ कृषि नीतिः

१. किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
२. प्रविधि प्रशारण तथा क्षमता विकासको माध्यमबाट खाधान्न/ आलु बीउमा आत्मनिर्भर बन्न लगानीका सामाग्रीहरुमा अनुदानको नीति अवलम्बन गरिने छ ।
३. सम्भाव्यताको आधारमा (खाद्यान्न/तरकारी /फलफुल/मसला) एक वडा एक पकेटको अवधारणा अवलम्बन गरिनेछ ।
४. चामल आयात कम गर्न मसिना तथा बास्नादार धान खेतीको क्षेत्र विस्तारका साथै चैते धान खेतीलाइ प्राथमिकता दिइनेछ।
५. किसानहरुलाई संरक्षण गर्नका लागि बाली बीमा कम्पनि र कृषकसंग समन्वय गरी बाली बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
६. कृषि विषय अध्ययन गरेका/बैदेशिक रोजगारीबाट फर्केका युवाहरुका लागि रोजगारीका अवसर सृजना गर्न क्षमता विकास तथा प्रस्तावमा आधारीत युवा लक्षित कार्यक्रम गर्ने नीति अवलम्बन गरिने छ ।
७. उत्पादन तथा उत्पादकत्व बढाउनका लागि माटो जाँच तथा माटो सुधार कार्यक्रम गरिनेछ ।
८. स्थापना भएका फलफूल बगैचाहरुको स्थायीत्व तथा उत्पादन क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम गरिनेछ ।
९. बाली संरक्षण सेवा अन्तरगत आधुनिक प्रविधि अवलम्बन गर्ने नीति लिईनेछ ।
१०. कृषि स्वयंसेवक कार्यक्रम अन्तरगत पुष्प/फलफुल/तरकारी जस्ता बालीका स्रोत नर्सरी स्थापना गर्ने नीति लिईनेछ ।
११. व्यवसायिकीकरण, यान्त्रिकरण र सिंचाई जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
१२. प्रविधि प्रदर्शन तथा प्रविधि हस्तान्तरण जस्ता कार्यक्रम अवलम्बन गर्न उन्नत जातको खाध्यान्न, फलफुल तथा तरकारी बालीको बीउ/बेर्नामा अनुदानको नीति लिईनेछ ।
१३. प्रतिस्पर्धात्मक खेती प्रणालीको विकासका लागि उत्कृष्ट कृषकलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।
१४. कमैया मुक्त शिविर/दलित/ भूमिहिन/साना कृषकहरुलाई संरक्षण तथा जिविको उत्थान गर्ने नीति अवलम्बन गरिनेछ ।
१५. मौषमी रुपमा बाझो छोड्ने जग्गामा बाली सघनता बढाउने नीति अवलम्बन गरिनेछ। सिचाइ सुविधा विस्तार गरी बाली सघनता बढाइनेछ ।
१६. प्रतिफलमा आधारित अनुदान नीति अवलम्बन गरिने छ ।
१७. सामुहिक कृषि तथा साझेदारी कृषि कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
१८. कृषि पर्यटन तथा कृषि बन प्रणाली विकासको निति अवलम्बन गरिनेछ ।
१९. बेरोजगार सूचिमा सूचीकृत भएका व्यक्तिहरुलाई कृषि कार्यक्रमसंग एकाकार गरेर लगिने छ ।
२०. कृषि सम्बद्ध निकायहरु बीच सहभागितात्मक एवं समन्वयात्मक रुपमा योजना तर्जुमा,कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति मार्फत कार्यान्वयन गरिनेछ ।

२१. बन तथा प्राकृतिक जलासयको हैसियत सुधार गर्ने गरी जैविक विविधता संरक्षण, सम्बर्द्धन सदुपयोग तथा कृषि वन प्रणालीको विकास गरिनेछ ।
२२. एक वडा एक कृषि प्राविधिकको रणनीति अवलम्वनका लागि प्राविधिक जनशक्ति थप गरिनेछ ।
२३. कृषि क्षेत्रलाइ थप प्रभावकारी बनाउन संघ, प्रदेश सरकारसंग समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।
२४. गैर सरकारी संघ संस्थाहरुसंग समन्वय साझेदारी अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।
२५. कृषि औजार तथा उत्पादनका सामाग्रीहरुमा कृषकको सहज पहूच तथा सुपथ मूल्यमा पाउनकालागि आवश्यक सहजिकरण तथा व्यवस्थापन गरिनेछ ।
२६. जैविक विविधता तथा रैथानी बाली संरक्षण तथा विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
२७. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## १.२ पशु विकास नीति

१. व्यावसायिक पशु फर्म प्रर्वद्धन कार्यक्रम अनुसार व्यावसायिक पशुपालन कृषकहरुलाई खोर सुधार तथा प्राकृतिक नश्ल सुधारका लागि अनुदान सहयोगका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
२. पशु सेवाको पहुँच पुग्न नसकेको क्षेत्रका लागि पशु सेवा शिविरहरु संचालन गरिनेछ ।
३. विपन्न वर्गलाई पशु सेवामा पहुँच बढाउनका लागि निशुल्क औषधि वितरण गरिनेछ ।
४. नश्ल सुधारका लागि कृतिम र प्राकृतिक गर्भाधान प्रभावकारी बनाउन भाले पशु र सप्लिमेन्टरी सामाग्री वितरण कार्यक्रम संञ्चालन गरिनेछ ।
५. स्थानीय पशुपंछि ( साकिनी , घाँटी खुइले ,उल्टे प्वाख ,तराइ तथा खरी बाख्रा, हुर्रा बंगुर ) आदी प्रर्वद्धन गर्ने नीति लिइनेछ ।
६. पशु पालन, पशु स्वास्थ्य, पशु उत्पादन, नश्ल सुधार तथा जुनटिक रोग सम्बन्धी जनचेतना मुलक कार्यक्रम संञ्चालन गरिनेछ ।
७. पशुपन्छिहरुमा लाग्ने सरुवा रोग रोकथामको लागि खोप कार्यक्रम संञ्चालन गरिनेछ ।
८. प्रयोगशाला सेवा संञ्चालनका लागि थप जनशक्ती र क्षमता विकास कार्यक्रम संञ्चालन गरी पशु सेवा प्रभावकारी बनाउदै लगिनेछ ।
९. पशु आहारा सुधार कार्यक्रम अन्तरगत घाँसको विउ ,वेर्ना वितरण, घाँसका नर्सरी स्थापना र घाँसको श्रोत केन्द्र स्थापना गरिनेछ ।
१०. एक वडा एक पशु सेवा प्राविधिकको रणनीति अवलम्वनका लागि प्राविधिक जनशक्ति थप गरिनेछ ।
११. जुनोटिक रोग नियन्त्रणका लागि स्कुल प्रसार शिक्षा मार्फत् जुनोटिक रोगबारे जनचेतना फैलाईनेछ । प्रविधि प्रयोगका लागि पशु पालक कृषकहरुको क्षमता विकासका कार्यक्रमहरु गरिनेछ ।
१२. रोगको सर्भिलेन्सका कार्यक्रम अघि बढाउदै नियन्त्रण, उपचार र जैविक सुरक्षा प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ ।
१३. नगर क्षेत्र भित्र रहेका छाडा पशु चौपाया व्यवस्थापनलाइ प्राथमिकता दिइनेछ ।

### १.३ उद्योग तथा वाणिज्य नीति

१. घोडाघोडी नगर औद्योगिक ग्राम निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।
२. नगरपालिका क्षेत्र भित्र रहेका उद्योग व्यवसाय फर्म तथा रोजगारीको अवस्था अभिलेखीकरण गरिनेछ ।
३. नगर क्षेत्रमा अवस्थित व्यवसायलाइ अनिवार्य रुपमा नगरपालिकामा दर्ता गर्ने नीति लिइनेछ । यस नगरपालिका क्षेत्र भित्र सञ्चालित सबै प्रकारका उद्योग तथा व्यवसाय लाइ राजश्वको दायरा भित्र ल्याउन दर्ता तथा नविकरण कार्यलाइ निरन्तरता दिईनेछ । व्यवसाय दर्ता तथा नविकरण प्रकृया अनलाइन प्रणालीबाट गरिने व्यवस्था मिलाइने छ ।
४. घोडाघोडी नगरपालिकालाइ प्लाष्टिक मुक्त नगरपालिका बनाउनका लागि आवश्यक पहल गरिनेछ । यसका लागि नगर क्षेत्रभित्रका होटल व्यवसायमा प्लाष्टिक जन्य गिलास प्लेट लगाएतका वस्तुहरुको प्रयोगलाइ निरुत्साहित गरी साल लगाएत अन्य विरुवाको पातबाट निर्मित दुना टपरी प्रयोग गर्ने उद्योगी व्यवसायीलाइ प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।
५. नगर क्षेत्र भित्र उत्पादनमूलक तथा सेवामूलक उद्योग व्यवशाय स्थापना गर्न इच्छुक व्यवशायीहरुलाइ प्रोत्साहन गरिनेछ । घरेलु तथा परम्परागत उद्योग र फर्मको विकास तथा विस्तारका लागि प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
६. व्यवसायीहरुबाट प्रदान गरिने वस्तु तथा सेवाको गुणस्तरको नियमित रुपमा अनुगमन गरिनेछ । बजार क्षेत्रलाई नियमनको घेरा भित्र लिई व्यवस्थीत वजार निर्माण गर्न बजारको सुक्ष्म अनुगमन तथा नियमनलाई जोड दिईनेछ ।
७. स्थानीय स्तरबाट उत्पादित समाग्रीको प्रचार प्रसार तथा बजारिकरणको व्यवस्था मिलाइने छ ।
८. नगर भित्रका साना तथा मझौला उद्योगलाई स्थापित गरी उत्पादनमुलक, रोजगारमुलक वनाउन समन्वयात्मक क्रियाकलाप सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
९. खाद्य संग सम्वन्धी साना तथा घरेलु उद्योगलाई गुणस्तर कायम गर्न प्रोत्साहन गरिनेछ र उपभोक्ता हित, अधिकार र कर्तव्यका विषयमा बृहत जनचेतनामुलक कार्यक्रम संचालन गरी उद्योग विकास र उपभोक्ता हित सम्वन्धी नीति अवलम्वन गरिनेछ ।
१०. उद्यमशिलता सम्वन्धी कार्यक्रमहरुलाइ एकिकृत रुपमा संचालन गरी नागरीकलाई श्रम गर्ने एकिकृत बानीको विकास गर्न र स्वदेशमै स्वावलम्बी वन्न प्रोत्साहन गरीने कार्यक्रमहरु संचालन गरिनेछ ।
११. गरिबि निवारणकालागि उघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१२. विपन्न वर्गका लघु उद्यमीहरुलाई व्यवसाय दर्तामा छुटको व्यवस्था गरिनेछ ।
१३. लघु उद्यम विकास कार्यक्रमबाट व्यवसाय गरिहेका लघु उद्यमीहरुलाई व्यवसाय विस्तार तथा सुधार तालिम दिइनेछ ।
१४. उत्कृष्ट लघु उद्यमीहरुको उद्योग र फर्मको विकास तथा विस्तारका लागि प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. स्थानिय स्तर मै उत्पादित हुने बस्तुमा जोड दिने र आवश्यकता पहिचानको आधारमा पुर्नताजगी तथा एड्भान्स तालिम दिइनेछ ।
१६. उत्पादित सामाग्री तथा बस्तु बजारीकरणको लागि उद्यमी र विक्रेता बिच अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
१७. कोशेली घर संञ्चालनका लागि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

## १.४ रोजगार सेवा केन्द्र नीति

१. वास्तविक बेरोजगार व्यक्ति पहिचान गर्नका लागि तथ्याङ्क संकलन प्रकृयालाइ व्यवस्थित तथा विश्वसनीय बनाइनेछ ।
२. रोजगारीका अवसर तथा संभावनालाइ दिगो बनाउनका लागि कृषि, पशु तथा साना उद्यम कार्यक्रम संगको समन्वय सहकार्यमा स्व रोजगारी कार्यक्रम संचालन गरिनेछ । यस क्रममा बेरोजगारको सूचीमा सुचिकृत प्राथमिकताक्रम अनुसारका व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गरि सार्वजनिक पुर्वाधार विकास निर्माण, कृषक सहकारी, कृषि समूह तथा पशु पालन उद्यमहरु मार्फत स्व रोजगारी संगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।
३. नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमंन्त्री रोजगार कार्यक्रम संग साझेदारी गरि सञ्चालन गरिनेछ । नगरपालिका मातहत सञ्चालन हुने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
४. नगरपालिका भित्र सञ्चालन गरिने विभिन्न किसिमका छोटो/लामो अवधिका सीपमूलक तालिमहरुलाइ एकद्वार प्रणालीबाट संञ्चालन गर्नका लागि रोजगार सेवा केन्द्रको समन्वयमा व्यक्ति छनौट तथा तालिम संञ्चालन गरिनेछ । तालिम कार्यक्रममा सूचिकृत बेरोजगार व्यक्तिहरुलाइ प्राथमिकता दिइनेछ साथै बेरोजगार व्यक्तिहरुलाई स्वरोजगार बनाउन तथा सिपयुक्त बनाउन बजारको मागमा आधारित सिपमुलक तालिम दिई सोही प्रकारका काममा कार्यस्थलमा आधारित तालिम(**On the Job Training**) को व्यवस्था गरिनेछ । नगरपालिका तथा विभिन्न तालिम प्रदायक संघसंस्था मार्फत भएका तालिमहरुको तथ्यांक अध्यावधिक गर्ने तथा उक्त तालिमहरुबाट भए गरेका उपलब्धिहरु संग सम्बन्धित स्वरोजगार तथा रोजगारीको चित्रण गरिनेछ ।
५. सामी परियोजनाका कार्यक्रमलाइ रोजगार सेवा केन्द्रको समन्वयमा सञ्चालनमा ल्याइनेछ । यसबाट वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले आर्जेका सीपहरु आन्तरिक रोजगारीको प्रवर्द्धन गर्नमा टेवा पुग्नेछ । वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखिकरण लगाएतका अन्य वैदेशिक रोजगारसंग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ ।
६. स्थानीय स्तरमा रोजगारीका अवसर तथा संभावनाहरुको खोजी गर्नका लागि रोजगार संवाद मञ्चलाइ प्रभावकारी तथा सक्रिय बनाउनका लागि समय समयमा बैठक अन्तर्क्रिया गोष्ठीहरु गरिनेछ ।
७. रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन यस संग सम्बन्धित विभिन्न अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

## १.५ पर्यटन सम्बन्धी नीति

१. घोडाघोडी तालको पर्यटन विकासका लागि तालको सौन्दर्यिकरण पानीका फोहरा सहितको गार्डेन लाइटिङ निर्माण लगाएतका कार्यक्रम सञ्चालन गरिनेछ ।
२. पर्यटन प्रवर्द्धनका लागि यस नगरपालिकाको विभिन्न तालमा Water Park निर्माण गर्ने कार्य थालिने छ ।
३. नगरपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसारका लागि डिजिटल प्रविधी र लिफलेटको प्रयोगमा जोड दिईनेछ ।
४. नगरपालिका क्षेत्र भित्र रहेका होमस्टेहरुको पर्वद्धन गर्दै लगिनेछ ।
५. नगरपालिका भित्र भएका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण संम्बर्द्धन र प्रचार प्रसारमा विशेष जोड दिईनेछ ।

६. धर्मशाला निर्माणलाई चालु आ. व. मा अगाडी बढाईनेछ ।
७. पर्यटन विकासका लागि नगरभित्रका तालतलैयाहरुमा वोटिङ लगाएतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
८. परम्परागत कला, धर्म, संस्कृति तथा संस्कार संरक्षण एवम् पुस्तान्तरणकालागि मठ, मन्दिर, मरुवा, चर्च, गुम्बा आदिको संरक्षण तथा विकास गरिनेछ ।
९. नगर भित्रका घोडाघोडी ताल, चिडियाताल, सप्तरङ्गी पार्क, बुलबुले ताल, अस्ना बाबा, खुशिराम पार्क, सिताकुण्ड, सिमली लगाएतका पर्यटकिय स्थलहरुलाइ पिकनिक स्पटको रुपमा विकास गर्दै लगिनेछ ।
१०. पर्यटकीय क्षेत्रलाई शान्त सुरक्षित भय रहित र मर्यादित बनाउन पहल गरिनेछ ।
११. घोडाघोडी पर्यटन बोर्ड व्यवस्थित रुपमा संचालन गरिनेछ ।
१२. चलचित्र विकास बोर्डको प्रादेशिक छायांकन स्थल निर्माणका लागि गुरूयोजना निर्माण गरि पूर्वाधार विकासको थालनी यसै आ. व. बाट गरिनेछ ।
१३. पर्यटन प्रवर्द्धन कार्यक्रम संगसंगै विपन्न परिवारहरूको आयआर्जन बृद्दि गर्न दातृ संस्था युएनडिपी लगाएतका संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.६ सहकारी सम्बन्धी नीति

१. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको सस्थागत क्षमता विकास तथा सहकारी सम्बन्धि जनचेतना अभिवृद्धि गरिनेछ ।
२. कृषि सहकारीलाई बचतमा मात्र केद्रित नहुन भन्नका लागि कृषि,पशु,घरेलु उद्योग तथा अन्य रोजगारमुलक कार्यक्रममा संलग्न गराउन जोड दिईनेछ ।
३. कृषि लगायत आय उत्पादान तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील गराइनेछ ।
४. आगामी वर्ष भित्र एउटै उद्धेश्यका दुई वटा सहकारी सस्थामा सदस्यता लिने प्रचलनलाई न्युनीकरण गर्न एक ब्यक्ति एक सहकारी नीति लाई निरन्तरता दिईनेछ ।
५. सहकारी संस्थाहरुलाई अनुदान भन्दा क्षमता विकासमा जोड दिईनेछ ।
६. एउटै उद्धेश्य र क्षेत्र मिल्ने सहकारी संस्थाहरुलाई समायोजनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ।
७. सहकारी सस्थाहरुहरुको सर्वाङगिण विकासका लागि अनुगमन, परिचालन तथा नियमन गरी दण्ड र पुरस्कृत गर्ने नीति लगिनेछ ।
८. सहकारी संस्थाहरुलाई प्रोत्साहन तथा साझेदारी सहयोग गर्ने नीति लिईनेछ ।
९. सहकारीको क्षमता विकास, व्यवस्थापन, व्यावसायिक बनाउनका लागि आधारशिला कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.७ भुमि व्यवस्था सम्बन्धी नीति

१. यस नगरपालिकामा बसोवास गर्ने भुमीहिन दलित सुकुम्वासी तथा अब्यवस्थित बसोवासीहरुको लगत संकलन प्रविष्टिलाई निरन्तरता दिईनेछ ।
२. लगत संकलन भैसकेका लाभग्राहीहरुलाई चालु आ.व. मा अस्थायी निस्सा वितरणका लागि प्रक्रिया अगाडि बढाईनेछ ।

३. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको विवरण सत्यापन गर्न लगत संकलन इकाई मार्फत जग्गाहरुको नापजाँच गरी आगामी २ वर्ष भित्र जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराइनेछ ।
४. नगरपालिकाद्वारा यसै आ.व. बाट भु–सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ ।
५. नगरपालिका क्षेत्र भित्रका अतिक्रमित जमिनलाई खाली गराईने नीति लिईनेछ ।

### १.८ सिचाई

१. नगरपालिका भित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिञ्चाईको व्यवस्था गरी कृषि उत्पादन बढाइने छ ।
२. वैकल्पिक सिचाईको व्यवस्थाका लागि भुमिगत सिचाईको आवश्यक पहल गरिनेछ ।
३. नगर क्षेत्रमा रानीजमरा सिचाइको नहर जोडन आवश्यक पहल गरिनेछ ।
४. जलाशय तथा नदीको पानीलाइ सिचाइ सुविधाका लागि प्रयोग गर्न आवश्यक पहल गरिनेछ ।

## २.सामाजिक विकास नीति

### २.१ शिक्षा

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा कुसल व्यवस्थापन गर्नका लागि नगर शिक्षा नियमावली बनाई तत्काल विद्यालयहरुको व्यवस्थापन सुधारका लागि कानुनी आधार तय गरिनेछ ।
२. यस नगरपालिका स्थित सामुदायिक विद्यालयमा दरवन्दी संख्या न्यून भएकोले संघ/प्रदेश सरकारवाट दरवन्दी प्राप्त नहुन्जेल सम्मका लागि शिक्षक विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरिनेछ । यसरी दरवन्दी मिलान गर्दा अपुग हुने शिक्षक व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरी न्यूनतम शिक्षकको व्यवस्थापन गरिनेछ ।
३. विद्यालयको व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. नियूक्तिका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।
४. शिक्षकहरुको मनोवल उच्च राखी बालबालिकाको सिकाई उपलब्धी वृद्धि गर्न मूल्याङ्कनका वस्तुनिष्ठ आधार तय गरी पुरस्कार र दण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
५. यस नगरपालिकाको शैक्षिक विकासका लागि नगर शिक्षा योजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
६. जीवनोपयोगी सीप विकासका लागि प्राविधिक शिक्षामा जोड दिइनेछ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई प्रवर्द्धन गर्नका लागि विभिन्न शिक्षण सँस्था मार्फत सञ्चालन गरिएका व्यवसायिक शिक्षाको गुणस्तर वृद्धिमा जोड दिइनेछ ।
७. विद्यालय शिक्षालाई समयानुकुल तथा गुणस्तरीय बनाउनका लागि शिक्षण सिकाई क्रियाकलापमा सुचना तथा प्रविधिको प्रयोग गर्नका लागि जनशक्तिको क्षमता विकास गरी गुणस्तर वृद्धिमा जोड दिइनेछ ।

८. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई प्रस्तावनाका आधारमा नमुना विद्यालय बनाउन सहयोग उपलब्ध गराउदै शैक्षिक गुणस्तर वृद्धि गर्दै लगिनेछ ।

९. नगर स्तरको शैक्षिक गुणस्तर सुधारका लागि परीक्षा प्रणालीमा सुधार ल्याइने छ । प्राथमिक तहको अन्तिम परीक्षा ( कक्षा ५ ) र आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षालाई नगर स्तरमा सञ्चालन गरिनेछ । विद्यार्थीको सिकाई उपलब्धी परीक्षण गर्न परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. प्रत्येक सामुदायिक विद्यालयले सिकाई उपलब्धी वृद्धि गर्न तहगत तथा विषयगत सक्षमता कार्यान्वयन गर्ने गरी कार्ययोजना बनाई कार्य गर्न लगाइनेछ । यसका लागि विषयगत शिक्षकहरुसँग अन्तरक्रिया सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलाप लाई प्रभावकारी बनाइनेछ ।

११. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई पेशागत सहयोग प्रदान गर्नका लागि रोष्टर शिक्षक तयारी गरी नियमित रुपमा पेशागत सहयोग प्रदान गरिनेछ ।

१२. सामुदायिक विद्यालयको भौतिक निर्माण कार्यका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरी थप भौतिक सुविधा विस्तारका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ । साथै मर्मत सम्भार कार्य आवश्यकताका आधारमा क्रमश गर्दै लगिनेछ ।

१३. प्रारम्भिक बालविकास केन्द्रलाई आवश्यकता र उपयूक्तताका आधारमा विस्तार र मिलान गरिने छ । प्रारम्भिक बालविकास केन्द्रलाई शिशु विकास केन्द्रको रुपमा विकास गर्न आवश्यक व्यवस्थापन गर्दै लगिनेछ ।

१४. बालबालिकाको सिकाई उपलब्धी वृद्धिका लागि शिक्षकको क्षमता विकास गर्न पुर्नताजगी तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१५. शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुलाई विद्यालयको मागका आधारमा कार्यक्रम तयार पारी कार्यान्वयन गर्न लगाइनेछ ।

१६. यस नगरपालिकामा सञ्चालित नीजि विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको वर्गिकरण गरी सोही अनुसार सञ्चालनका लागि अनुगमन प्रणालीको विकास गरिनेछ ।

१७. यस नगर भित्रका सबै विद्यालयको सञ्चालन, व्यवस्थापन, रेखदेख कार्यमा प्रभावकारीता ल्याउनका लागि विद्यालय व्यवस्थापन समिति, वडा समिति र नगरपालिकाबाट प्रभावकारी अनुगमन गरिनेछ ।

१८. घोडाघोडी नगरपालिकामा साक्षरोत्तर तथा जीवनोपयोगी सीप सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. गुणस्तरीय उच्च शिक्षा प्राप्तीका लागि यस नगरपालिकामा सञ्चालित क्याम्पसहरुसँग समन्वय गरि प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२०. विद्यालयमा बालबालिकाको सर्बाङ्गिण विकासका लागि अतिरिक्त क्रियाकलापका साथै योग शिक्षाका माध्ययमबाट विद्यार्थीहरुमा शारिरीक मानसिक, संवेगात्मक तथा नैतिकवान आचरणको विकास गर्न कार्ययोजना बनाइ कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

२१. प्रारम्भिक बालविकास देखी कक्षा ६ सम्मका बालबालिकाहरुलाई दिवा खाजा उपलब्ध गराइनेछ ।

२२. आधारभूत तहमा अध्ययनरत छात्रा, दलित, मुक्त कमैया/कमलरी, अपांग तथा द्वन्द्वपीडित बालबालिकाहरुको शिक्षामा पहूँच अभिबृद्धिका लागि शैक्षिक छात्रवृत्ति प्रदान गरिनेछ ।

२३. विपन्न लक्षित छात्रवृतिमा बालबालिकाहरुको पहूँच वृद्धि गर्न विपन्न लक्षित छात्रवृति फारम भर्ने कार्यका लागि विद्यालयलाई अनिवार्य गराइनेछ ।

२४. यस नगरपालिका स्थित राष्ट्रिय माध्यमिक विद्यालय सुखडमा बहु अपांगता भएका बालबालिकाहरुको लागि आवासीय विद्यालय स्थापनाको प्रभावकारी व्यवस्थापन गरी चालु आ व मा निर्माण कार्यको थालनी गरिनेछ ।

२५. सामुदायिक विद्यालयका आधारभुत तहका कक्षाहरुमा विद्यार्थी सँख्या कम रहेकाले राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमले ल्याएका प्रावधानहरु विद्यालय स्वयंलाई कार्यान्वयन गर्न लगाई विद्यार्थी सँख्या र विद्यार्थीको सिकाइ उपलव्धी वृद्धि गरिनेछ ।

२६. माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई क्रमशः जोड दिइनेछ ।

२७. कमजोर सिकाई उपलव्धी भएका र उत्कृष्ट सिकाई उपलव्धी भएका विद्यालयहरु विच सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२८. विद्यालयहरुमा सरोकारवालाहरुले आचारसंहिता वनाई पालना गर्ने गराउने नीति लिइनेछ ।

२९. विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको विद्यालयमा अनिवार्य रुपमा ल्याउन विद्यार्थी भर्ना अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३०. हरेक विद्यालयमा हरियाली वातावरण कायम गर्नका लागि प्रत्येक विद्यालयमा अनिवार्य रुपमा एक करेसावारी तथा बगैचा स्थापनाका गर्न लगाइनेछ । उक्त कार्यलाई विद्यार्थीहरुको प्रयोगात्मक अंक सँग एकाकार गरिनेछ ।

३१. सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न अभिभावकको भूमिका महत्वपूर्ण हुने भएकोले अभिभावकहरुलाई आफ्ना नानी बाबुहरु प्रति सचेत तथा विद्यालय प्रति जागरुक बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. स्थानीय विषयवस्तुमा आधारित स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । यसका लागि सरोकारवालाहरुसँग समन्वय गरी स्रोत सामग्री पुस्तिका निर्माणका लागि पहल गरी कार्यान्वयनमा ल्याइने छ ।

३३. बालबालिकाहरुको बालमनोविज्ञानमा सकारात्मक प्रभाव पार्नका लागि आगामी शैक्षिक सत्र देखी सम्पूर्ण विद्यार्थीहरुको पोषाकमा एकरुपता ल्याइनेछ ।

३४. विद्यालयको नक्सांकन गरी आवश्यकतानुसार विद्यालय समायोजन तथा कक्षा/तह थप गरिनेछ ।

३५. विद्यालयहरुमा पछिल्लो समयमा बालबालिकाहरुमा देखिन थालेको मनोसामाजिक समस्याहरुलाई समाधान गर्न सरोकारवालाहरुसँग समन्वय गरी बालबालिकाहरु तथा तिनका अभिभावकहरुलाई मनोसामाजिक परामर्श दिइनेछ ।

३६. बालबालिकाहरुलाई आफ्नो भविश्य कता तिर हो ? कुन विषय पढदा के हुन्छ ? यसका लागि कुन ठाउँमा गएर पढ्नु पर्ने होला ? भन्ने विषयमा क्यारियर काउन्सिलिङ गरिनेछ ।

३७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको नियमितता वृद्धि गर्न तथा गुणस्तरिय स्यानीटरी प्याडको प्रभावकारी वितरण तथा व्यवस्थापन गर्न लगाइनेछ ।

३८. सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई स्वास्थ्य सँस्थासँग समन्वय गरी प्रत्येक तीन महिनामा कम्तिमा एक पटक बालबालिकाहरुको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिने छ साथै प्रदेश सरकारसँगको समन्वयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिनेछ ।
३९. संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा संञ्चालित ठुला विद्यालय विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४०. असहाय, टुहुरा लोपोन्मूख, मुक्त कमैया तथा विपन्न परिवारका बालबालिकाहरुलाई अभिभावकत्व ग्रहण गरी निशुल्क रुपमा शिक्षा प्रदान गर्न नगर प्रमूख शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
४१. विद्यालयका र बिद्यार्थीका समग्र समस्या पहिचान गरी समाधानका लागि नगर प्रमूख कार्यक्रम तथा छात्रासंग नगर उप प्रमूख कार्यक्रम सञ्चालन गरिनेछ।

## युवा तथा खेलकुद

१. युवाहरुलाई सकारात्मक सोच राखी समाजको विकासका लागि योगदान दिने भावना जागृत गराउन नगर स्तरीय विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. नगरपालिकावाट सञ्चालन हुने गरेका सीप विकास तालिम तथा क्षमता विकास कार्यक्रममा युवा/युवतिहरुलाई सहभागि गराई आत्म निर्भर बन्न प्रेरित गरिनेछ ।
३. युवाहरुलाई स्व-रोगजारसँग जोड्न विउपुजीको व्यवस्थापन गरी लागत साझेदारीमा रोजगारी सिर्जना हुने कार्यक्रममा आवश्यक सहयोग उपलव्ध गराइनेछ ।
४. युवाहरुलाई खेल प्रति उत्प्रेरित गर्न खेलकुद विकासका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. "नियमित व्यायम स्वस्थ जीवन" भन्ने मुल नाराका साथ व्यायमशाला सञ्चालन गरी नागरिकहरुलाई योग शिक्षा तर्फ प्रोत्साहन गरिनेछ ।
६. नगर तथा वडा क्षेत्र भित्र खेलकुद गतिविधि बढाउन विभिन्न खेलकुद संरचना निर्माण गरिनेछ ।
७. जिल्ला तथा राष्ट्रिय स्तरमा हुने विभिन्न खेलकुदमा सहभागिता वृद्धि गरी खेलाडिहरुको क्षमता विकास गरिनुका साथै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
८. एक वडा एक खेल मैदान कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
९. नगर स्तरिय कभर्ड हल निर्माणको प्रक्रिया अगाडी बढाइनेछ ।

## २.२ स्वास्थ्य क्षेत्र नीति

१. आ.व. २०७९।०८० मा साडेपानी स्वास्थ्य चौकीमा १५ सैयाको नगर अस्पताल संचालनमा ल्याईनेछ र उक्त अस्पतालमा १ सुविधा सम्पन्न प्रयोगशाला केन्द्र, १ अस्पताल फार्मेसी स्थापना गरिनेछ । यसका साथै अस्पतालमा २४ घण्टे स्वास्थ्य सेवा संचालन गरी स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ

यसका लागि आवश्यक पर्ने अत्यावश्यक भौतिक पूर्वाधार, औजार उपकरण, जनशक्तिको व्यवस्थापन गरिनेछ।

२. स्वास्थ्य संस्थाहरुमा संञ्चालनमा रहेका प्रयोगशालाहरुको स्तरोन्नती गरी स्वास्थ्य चौकीहरुमा ज्येष्ठ नागरिक, गर्भवती, अपाङ्गता भएका व्यक्ति, सुत्केरी र महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सम्पूर्ण प्रयोगशाला जाँच निशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

३. विश्व व्यापीरुपमा फैलिएको कोभिड १९ महामारीबाट नेपाल पनि अति जोखिममा रहेकोले सो को संक्रमण रोकथाम तथा न्युनिकरण गर्ने नीतिलाई उच्च प्राथमिकता दिईनेछ । जनताको स्वस्थ जिवन यापन गर्न पाउने अधिकारलाई सुनिश्चिता गर्न कोभिड १९ महामारी लगायत अन्य रोगको आपतकालिन अवस्थामा वजेटको अभाव हुन नदिने नीति अवलम्वन गरिनेछ, साथै स्थानीय स्तरमै सो को रोकथाम गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

४. विभिन्न सरुवा रोगहरुको महमारी तथा कोराना भाइरस संक्रमण जस्ता अन्य महामारी वाट हुन सक्ने असरलाई न्युनिकरण गर्न र दैवी प्रकोपको क्षति पश्चात हुनसक्ने महामारीको समयमै उचित व्यवस्थापनका लागि नगर स्तरिय RRT(Rapid Response Team)लाई वजेट व्यवस्थापन गरी थप प्रभावकारी वनाईनेछ ।

५. सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ तरिकाले प्रवाह गर्न हरेक वडामा स्थापना गरिएका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा थप जनशक्तिको व्यवस्थापन र स्वास्थ्य सेवा सुद्दढ गरी जनताको घर दैलोमै स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।

६. मातृ तथा नवशिशु मृत्युदरमा कमी ल्याउन र शुन्य होम डेलिभरी नगर बनाउन नगर भित्रका सवै वडाका गर्भवतिहरुलाई नगरपालिका भित्रका सरकारी वर्थिङ्ग सेन्टरहरुमा सुत्केरी हुन सहजताका लागी निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइने छ । गर्भवति तथा सुत्केरी जाँच वृद्धि गर्न र संस्थागत प्रशुति वढाउन नियमित आईरन चक्की आपुर्तिको व्यवस्थापन गरिनेछ र आयोडिनको कमी हुन नदिन गर्भवति महिलाहरुलाई आयेडिन नुन प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सुधारका लागी आवश्यकता र भैगोलिक विकटताका आधारमा थप वर्थिङ्ग सेन्टर स्थापना गर्दै त्यसका लागी आवश्यक जनशक्ति, औजार तथा उपकरणको उचित व्यवस्था मिलाईनेछ ।

८. गर्भवति तथा सुत्केरी र बालबालिकाको पोषण स्वास्थ्य सुधारका लागी स्थानिय श्रोत साधनको अधिकतम प्रयोग गरी कुपोषण हुने दरलाई कम गरिनेछ साथै कुपोषित बालबालिकाहरुको उपचार गर्न भौगोलिक दुरीको आधारमा केहि स्वास्थ्य संस्थाहरुमा छुट्टै इकाई (OTC) स्थापना गरिनेछ । साथै कुपोषित् तथा उमेर अनुसार उचाई र तौल कम भएका बालबालिकाहरुको नियमित् स्वास्थ्य जाँच, वृद्धि अनुगमन तथा स्वास्थ्य शिक्षा र अन्य जनचेतनामुलक कार्यहरुमा तिब्रता दिईनेछ । स्वस्थ्य शिशु प्रतिस्पर्धा, पोषिलो जाउलो प्रवर्द्धन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

९. राष्ट्रिय प्राथमिकता प्राप्त खोप, परिवार नियोजन, सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१०. एक आ.व.मा कम्तिमा एक पटक बिषेशज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ । खास गरी जेष्ठ नागरिकहरुको आँखा जाँच, महिलाहरुको आंङ खस्ने र तल्लो पेट समस्याको जाँच, पाठेघर मुखको क्यान्सर सम्बन्धि जाँच, अपाँगता भएका व्यक्तिहरुको लागि स्क्रिनिंग शिविर र आवश्यकता अनुसार अन्य स्वास्थ्य शिविर संचालन गरिनेछ जसले गर्दा स्वास्थ्यमा पहूच नभएका जनताहरु प्रत्यक्ष लाभान्वित हुनेछन ।

११. विषेश गरी थारु समुदायमा जनस्वास्थ्य समस्यको रुपमा देखा परेको सिकलसेल एनिमिया जस्ता अनुवांशिक रोगहरुको वारेमा जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ साथै सिकेलसेल एनिमिया खोज पडतालका लागि स्कृनिङ्ग क्याम्प संञ्चालन गरिनेछ । त्यस्तै विभिन्न नसर्ने रोगहरु रोकथाम तथा नियन्त्रणका लागि समुदाय स्तरमा जनचेतनामूलक स्वास्थ्य शिक्षा कार्यक्रमहरु र स्क्रिनिङ्ग क्याम्प संचालन गर्न तथा लागु पदार्थ दुर्व्यसनी र मानसिक स्वास्थ्य समस्याहरुको रोकथामका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

१२. स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु संग समन्वय र सहकार्य गरी स्वास्थ्य कार्यक्रमलाई एकद्वार प्रणालीवाट संचालन गर्ने व्यवस्थाका लागि सहजीकरण गरिनेछ ।

१३. गाँउघर तथा खोप क्लिनिक स्थापना भई संचालनमा रहेका र भवन तथा भौतिक पुर्वाधार नभएका गाँउघर तथा खोप क्लिनिकलाई क्रमागत रुपमा भवन तथा भौतिक पुर्वाधार सम्पन्न बनाईनेछ ।

१४. किशोर किशोरी मैत्रि स्वास्थ्य सेवा प्रवाह गर्न विद्यमान स्वास्थ्य संस्थाहरुमा यौन तथा प्रजनन स्वास्थ्यसंग संवन्धित सेवाहरुको सुद्दढिकरण गरिनेछ ।

१५. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई थप यातायात सुविधाको व्यवस्था गरिनेछ ।

१६. नगरस्तरमा आर्युबेदिक उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१७. ज्येष्ठ नागरिक र ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

१. खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

२. हाल खानेपानी अभाव भएका वडाहरुमा खानेपानी समस्या समाधान गर्न प्राथमिकता दिई कार्यक्रम अगाडी बढाईनेछ ।

३. “मेरो गाउ/शहर मै सफा गर्छु” अभियान सञ्चालन गरी गाउ/शहरलाई सफा र वातावरण मैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

४. सार्वजनिक, सामुदायिक भवन वा अन्य संरचना अनिवार्य रुपमा बालमैत्री, अपांगतामैत्री, महिलामैत्री र वातावरणमैत्री हुने गरी निर्माण गर्ने नीति लिईनेछ ।

५. फोहरमैला डम्पिङ्ग साईटमा विसर्जन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

६. नदी, खोला, नाला, कुलोमा फोहरमैला फाल्ने तथा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ ।

७. जल, वायू, माटो, ध्वनि लगायत सबै प्रकारको प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने नीति लिईनेछ ।

८. प्रदुषण नियन्त्रण गर्न सोध, अनुसन्धान र क्षमता अभिबृद्धि एवं चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
९. नगर क्षेत्र भित्रका प्रमुख शहरहरु, खोलानाला र सडक सफाई कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।
१०. सरसफाईका लागि प्रशासन, सुरक्षा निकाय, सीमा जोडिएका पालिका, गैरसरकारी संघ संस्था, विद्यालय र आम नागरिकहरु बीचमा सहकार्य र समन्वय कायम गरिनेछ ।
११. सार्वजनिक स्थानहरुमा फोहोरमैला विर्सजन गर्ने तथा प्रदूषणयुक्त कार्य गर्ने व्यक्ति तथा संस्थाहरुको पहिचान गरी नियमनका साथै कानूनी कारवाही गरिनेछ ।

## २.४ महिला बालबालिका तथा जेष्ठ नागरिक नीति

१. सबै वर्ग समुदाय तथा विभिन्न उमेर समूहका बालबालिका सम्बन्धी आवश्यक तथा जीवन उपयोगी ( रोग, खोप, पोषण, व्यवहार सुधार, बोलिचालीको भाषा, दुर्व्यसन नियन्त्रण, मोबाइल इन्टरनेटको सदुपयोग सम्बन्धी) नीति लिइनेछ ।
२. सबै समुदायका महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक, मनोबैज्ञानीक विकासको निम्ती आवश्यक नीति अवलम्बन गरिनेछ ।
३. पिछडीएको वर्ग जाती लिंग समुदायलाई विकासको मुल प्रर्वाहमा ल्याउन समतामुखी विकास सम्बन्धी नीति लिइनेछ ।
४. विभिन्न कुरीतिहरु लैगिंक हिंसा, मानव बेचविखन, बालविवाह, लागुऔषध दुर्व्यसन, छाउपडी तथा अन्य सामाजिक कुरीतिहरु न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. जेष्ठ नागरिकहरु प्रति सम्मान साथै विभिन्न सीप हस्तान्तरण अनुभवहरु आदानप्रदान सम्बन्धी अन्तरकृयात्मक आवश्यक कार्यक्रमहरु गरिनेछ ।
६. अपाङ्गता भएको व्यक्तिको परिचय पत्र वितरण प्रकृयालाइ सहज बनाइनेछ ।
७. अपांगता भएका व्यक्तिहरुको आयस्तर बृद्धिको लागि सीपमुलक तालिम, सहायक सामाग्री वितरण गरिनेछ ।
८. लक्षित वर्गका महिलाहरुको सशक्तिकरणको निम्ती समतामुलक कार्यक्रममा सीपमुलक तालिमहरु प्रदान गरी थप सेवाहरु दिइनेछ ।
९. अनाथ असहायको पहिचान गरी उनीहरुको सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. हिंसामा परेका व्यक्तिहरुको सुरक्षालाई मध्यनजर गरी सेफहाउस निर्माण तथा सञ्चालनमा विशेष जोड दिइनेछ ।
११. बढ्दो अपराधलाई मध्यनजर गरी किशोरीहरुलाई किशोरी शिक्षाका साथै आत्मरक्षा तालिमहरु गराइनेछ ।
१२. एकल महिला, मुक्तकमैया, मुक्तकमलरी, सिमान्तकृत वर्गका लागि जिवन उपयोगी सीपहरु प्रदान गरिनेछ । द्वन्द्व पिडित समुदायलाई मनोपरामर्शका साथै सीपहरु प्रदान गरिनेछ ।

## २.५ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणका नीति-

१. सवै प्रकारका व्यक्तिगत घटनादर्ता लाई ३५ दिन भित्रमा आफु स्थाई वसोवास भएको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गराउने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आम नगरवासिहरुको पहुच पुग्ने गरि संचार माध्यमका साथै प्रत्येक विद्यालयबाट प्रार्थना समयमा घटना दर्तावारे सुचना संचार गर्ने व्यवस्था मिलाईनेछ।
२. सामाजिक सुरक्षा भत्ता लाभग्राहिहरुको तथ्यांक विवरण अध्यावधिक गरि वितरण प्रकृयालाई जनमुखी, उत्तरदायी, पारदर्शी ,समयानुकुल, सन्तुलित र सुरक्षित वातावरण सृजना गर्दै बैंकहरु मार्फत गाउँ, टोल तथा वडा वस्तीबाटै वितरणको व्यवस्था मिलाईनेछ ।
३. सामाजिक सुरक्षा भत्तामा आम नगरवासिहरुको पहुच अभिबृद्धी गर्न प्रभावकारी संचारको व्यवस्था गरिनेछ ।
४. सामाजिक सुरक्षा भत्ता वितरण प्रकृया र घटना दर्ता लाई थप प्रभावकारी वनाउन समय समयमा सरोकारवाला पक्षहरुका लागि अभिमुखीकरण र क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ ।
५. सामाजिक सुरक्षा भत्ता लिन नचाहने नगरवासीहरुलाई सम्मानित गरिनेछ ।
६. घटना दर्ता सम्बन्धमा दर्ता भएका उजुरी तथा गुनासोहरुलाई समयमै सम्बोधन गर्ने व्यवस्था गरि उजुरी तथा गुनासोकर्तालाई न्यायको अनुभूती दिलाईनेछ ।
७. जिल्ला समन्वय समितिवाट पठाईएका व्यक्तिगत घटना दर्ताका पुराना ढड्डाहरुको डिजिटाईजेशन गरि वडा कार्यालयवाटै सवै विवरण हेर्न मिल्ने व्यवस्था गरिनेछ ।
८. सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणालीलाई सुरक्षीत वनाउने VPN प्रणाली लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
९. नगर क्षेत्रका यौनिक अल्पसंख्यक व्यक्तिहरुलाइ मासिक रुपमा नगद रु १००० (एक हजार मात्र) भत्ता स्वरुप दिने व्यवस्था गरिनेछ ।

# ३ पुर्वाधार विकास नीति

## **३.१** सडक यातायात नीति

१. नगरपालिकाको पञ्च बर्षिय पुर्वाधार विकासको योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
२. काठे पुलहरु क्रमश विस्थापित गर्दै लगिनेछ ।
३. नगरपालिका भित्रका सडकहरुमा संभव भएसम्म पक्कि नाला निर्माण पश्चात मात्र कालोपत्रे गरिनेछ ।
४. नगरपालिकाबाट संचालन हुने सम्पूर्ण पुर्वाधारको मर्मत सम्भारका लागि संचालित योजना बाट २ प्रतिशत रकम कट्टा गरी छुट्टै मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।
५. स्थानीय पुर्बाधार विकास कार्यक्रममा DPR तयार भएका अपरिहार्य सेवाहरु सडक, खानेपानी सिचाई, तटबन्धन, फोहोरमैला व्यवस्थापन लगायतका आयोजनाहरुलाई उच्च प्राथमिकतामा राखिनेछ ।
६. नगरपालिका स्तरीय बाहिरी चक्रपथ निर्माणको विस्तृत आयोजना प्रतिदेवन तयार गरिनेछ ।

७. नगरपालिका केन्द्र र नगरपालिकाका वडा केन्द्रहरुलाई जोडने सडक लाई कालोपत्रे गर्न विशेष प्राथमिकता दिईनेछ।
८. संघीय सरकार, प्रदेश सरकार तथा संघीय एवम् प्रदेश सभा सदस्यज्यूको कोषबाट विनियोजन भएका कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखी साझेदारीमा सम्पन्न गर्ने नीति लिइनेछ ।
९. विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।
१०. कृषिजन्य उत्पादन र कृषि वजारको बजारिकरण र विस्तारका लागि कृषि मार्गको विस्तार र स्तरोउन्नतीमा जोड दिईनेछ ।
११. पालिकाका सडक हरुलाई "Clean & Green" सडकका रुपमा विस्तार गर्दै लगिनेछ ।

## ३.२.भवन तथा शहरी बिकास नीति

१. भवन निर्माणको नक्सा पास गर्दा भवन मापदण्डलाइ कडाइकासाथ पालना गर्नु पर्ने र घर परिसरमा कम्तिमा दुईटा रुख रोप्ने कार्यक्रमको सुरुवात गरिनेछ ।
२. सबै बस्ति लाई व्यवस्थित गर्न Town Planning को नीति लिइनेछ ।
३. नगरपालिकाको आन्तरीक स्रोतको दिगो व्यवस्थापनका लागि प्राप्त डिपिआर अनुसार बहुउद्धेशीय भवन निर्माण कार्य सुरु गरिनेछ ।
४. नगर क्षेत्र भित्र निर्माण गरिने घरको घरनक्सा जाँचपास र अभिलेख कार्यलाई डिजिटलाईजेशन प्रणाली अवलम्बन गरि सुचारु गरिनेछ ।
५. नक्शा पास गर्ने गराउन र भूकम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
६. चालु आ.व.देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा Pre-Project र Post Project Photo को नीति प्रारम्भ भइ सकेकोले आगामी आ. व. मा पनि निरन्तरता दिइनेछ ।
७. चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ ।
८. मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

## ३.३ सूचना तथा सञ्चार नीति

१. सूचना संचार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच पुर्याउन प्रभावकारी दूरसंचार सेवाको विस्तार गर्दै नगर भित्रका कार्यालयहरुमा जडान भएका Optical Fiber Network, Data Server, IP Camera लाई थप व्यवस्थित बनाउन Control Room को व्यवस्था गरिने छ ।
२. नगरपालिका क्षेत्र भित्र "e-Library" स्थापना गर्ने नीति अवलम्बन गरिने छ । साथै सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
३. पालिकाको सम्पुर्ण वडाहरुको श्रोत नक्शाकंन GIS Mapping कार्यलाई निरन्तरता दिइनेछ ।

४. यस नगरपालिकाको विद्युतिय सुशासन प्रवद्र्धन गर्न Digital Citizen Charter, Data Portal, Voice Broadcasting System, File Tracking System, Interactive Display समावेश गरी वडाहरुमा समेत यो प्रणाली लागु गरिनेछ ।
५. राजश्व चुहावट अनुसन्धान, राजश्व संकलनलाई थप पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ ।
६. पर्यटकीय सूचनालाई विद्युतिय सूचनामा आवद्ध गरी पर्यटन प्रवद्र्धन गर्ने नीति लिइनेछ ।
७. आवश्यकताका आधारमा जनतासंग कार्यालय अनलाइन अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।
८. प्रविधि मैत्रि सरकारी कार्यालय तथा कर्मचारी परिचालन गर्ने नीति लिइनेछ ।
९. टोल फ्रि नम्बर कार्यान्वयनमा ल्याइनेछ ।
१०. कार्यपालिका तथा सभाका निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण र सम्बन्धित अधिकारीबाट प्रमाणित भए पश्चात वेवसाइटको माध्यमबाट प्रकासित गरिनेछ ।
११. नगर क्षेत्रका विभिन्न पक्षहरुको तथ्याङ्क तथा सूचनाहरु संकलन गर्न सूचना प्रविधिको प्रयोग (गुगल फर्म, कोबो कलेक्ट, क्लाउड ड्राइभहरु) गरिनेछ ।
१२. नगरपालिकामा संकलित सूचना तथा तथ्याङ्कहरुको विश्लेषण गरी सारांश प्रकाशित गरी आवश्यकता अनुसार सूचना अधिकारी मार्फत सम्बद्ध पक्षलाई उपलब्ध गराइनेछ ।
१३. प्राप्त सूचनाको ग्राफ तथा प्रगति चार्टहरु बनाई समीक्षालयको स्थापनाको लागि पहल गरिनेछ ।

# ४ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

## ४.१ सुशासन तथा संस्थागत विकास नीति

१. सबै वडामा घुम्ती रुपमा नगर कार्यपालिकाको बैठक बस्ने व्यवस्था गरिनेछ ।
२. जनताका दैनिक समस्यासंग सूसुचित हुन तथा नगरका कार्यक्रमहरुलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरी जनभावना अनुसार सेवा प्रदान गर्न हरेक महिना "जनता संग नगर प्रमूख कार्यक्रम" सञ्चालन गरिनेछ ।
३. नगरपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी र पारदर्शि बनाउन सुशासनका औजारहरुको प्रभावकारी प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
४. नागरिक वडापत्र, सुशासन हेल्प डेस्क, सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा प्रभावकारी सूचना प्रशारण प्रणालीको व्यवस्था मिलाइनेछ ।
५. प्रशासनिक संरचनामा दरवन्दी व्यवस्था, नगरपालिकाको अवस्था र आवश्यकताका आधारमा कानून बमोजिम संगठन विकासको थप अध्ययन गरी संगठन संरचना, दरवन्दीको व्यवस्था, शाखागत कार्यविवरण पुनरावलोकन गरी अद्यावधिक गरिनेछ ।
६. स्थानीय सेवामा लामो समयदेखि कार्यरत कर्मचारी र समायोजन पश्चात पूर्न संरचित भएको प्रशासनिक संयन्त्रका बिच उच्च मनोबलले सेवाप्रवाह गर्दा देखापर्ने समस्यालाई केन्द्रिय नीतिनियम,

प्रचलित व्यवस्था र नगरपालिकाको वस्तुगत अवस्थाका आधारमा व्यवस्थापन, प्रोत्साहन, दण्ड र पुरस्कृत गरिनेछ ।

७. नगरका सवै वडामा टोल विकास संस्थाहरु गठन कार्यमा पूर्णतादिई संस्थाको क्षमता विकास तथा वडा र नगर स्तरीय संजाल निर्माण गरी नगर विकासमा परिचालन गरिनेछ ।

८. वडा भित्रको सार्वजनिक सम्पति, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको संरक्षण, सम्बर्द्धन तथा अभिलेखीकरण गर्ने कार्य सम्बन्धित वडा कार्यालयहरुवाट नै गर्ने व्यवस्था गरिनेछ ।

९. नगरपालिकामा कार्यरत कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०. कार्यालयमा रहेको बेरुजु तथा पेश्की फर्छ्यौंटलाई प्रथामिकता दिईनेछ । आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्नका लागि आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न खर्च कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

११. आवश्यकता अनुसार जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास, उत्प्रेरणा र अवलोकन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. नगरपालिकामा कार्यरत कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१३. कार्यालयमा रहेको बेरुजु तथा पेश्की फर्छ्यौंटलाई प्रथामिकता दिईनेछ । आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्नका लागि आन्तरीक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गर्न खर्च कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१४. आबश्यकता अनुसार जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि क्षमता विकास, उत्प्रेरणा र अवलोकन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. अनलाईन घटना दर्ताको कार्यलाई सबै वडा तहबाट निरन्तरता दिनुका साथै विद्युतिय पत्राचार, एकद्वार सूचना व्यवस्थापन प्रणाली स्थापित गरिनेछ ।

१६. सेवा प्रदायक संस्था वा नीजि क्षेत्रवाट मात्र सम्पादन हुन सक्ने कार्य वा सेवा, करारवाट लिइनेछ ।

१७. नगरका विभिन्न आयोजना तथा कार्यक्रमको अनुगमन कार्य तथा बजार अनुगमन समेतलाई कार्यतालिका बनाई संचालन गरिनेछ साथै अटो तथा इ–रिक्सालाई नगरपालिकामा अनिवार्य दर्ता गरी रुट परमिट जारी गरिनेछ ।

१८. नगरपालिकाबाट प्रवाह हुने सेवालाई अझ बढी जनउत्तरदायी, पारदर्शी र जवाफदेही बनाउन भ्रष्टाचारमा शून्य सहनशिलताको नीति लिइनेछ । सबै वडा कार्यालयहरूमा गुनासो सुन्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

१९. परम्परागत रुपमा समाज सञ्चालनको आधार स्तम्भको रुपमा रहेका भलमन्सा तथा मूखिया प्रणालीलाई व्यवस्थित गर्न आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

२०. राजस्व प्रशासनलाई थप व्यवस्थित बनाउन करदाताहरूको विवरण सङ्कलन गरी विद्युतीय अभिलेख राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।
२१. नगरपालिकाको विकास निर्माण, सेवाप्रवाहको अवस्था, राजस्व सङ्कलन लगायतका आधारमा उत्कृष्ट वडाहरु छनोट गर्ने मापदण्ड निर्माण गरी पुरस्कृत गरिनेछ ।
२२. नगरपालिकाका जनप्रतिनिधि, स्थायी तथा करारमा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना विमा र स्वास्थ्य विमा प्रिमियमको व्यवस्था गरिनेछ ।
२३. नगरपालिका द्वारा जारी ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानुनी दस्तावेजहरू समयानुकुल शंसोधन परिमार्जन गरी एकिकृत कानुनी किताब प्रकाशन गरिनेछ ।
२४. अन्तर सम्बन्धित विषयहरूमा नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
२५. सडक तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ, निर्माण सामाग्री तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गरिने नीति लिइनेछ ।
२६. कर्मचारी कल्याण कोष स्थापना गरी व्यवस्थित गरिनेछ ।
२७. आवश्यकताका आधारमा सम्भाव्यता अध्ययन गरी कृषि र पशु सेवा केन्द्रहरु विस्तार गरिनेछ ।
२८. सेवा प्रवाहलाई प्रभावकारी गर्न एकिकृत घुम्ती सेवा सञ्चालन गरिनेछ ।
२९. नगरपालिका कार्यालयको पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ ।
३०. नगरपालिका कार्यालयमा आकस्मिक उपचार तथा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

## ४.२ वित्तीय व्यवस्थापन तथा राजस्व परिचालन नीति

१. आगामी ३ वर्षको अवधीलाई राजस्व अभिवृद्धि अभियान वर्षको रुपमा सञ्चालन गरिनेछ ।
२. कर अभिवृद्धिका लागि कर संकलक/सर्भेक्षकहरु परिचालन, कर शिविर तथा कर क्लिनिक सञ्चालन र व्यवसायिक भवन तथा संरचनाहरु निर्माण गरी हालको राजस्व परिचालनको आकारलाई दोब्बर बनाउने लक्ष्य लिई अभियानात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. यस नगरपालिकाबाट प्रवाह गरिने सम्पुर्ण सेवालाई राजस्वसंग प्रत्यक्ष सम्बन्ध राखी कुनै पनि सेवा तथा सुविधालाई राजस्व क्लियरेन्सको आधारमा सेवा प्रवाह गरिनेछ ।
४. करका दरहरुलाई समयानुकूल र वैज्ञानिक बनाई करको दायरामा नसमेटिएका उद्योग व्यवसाय र कारोवारहरुलाई नियमन गरिनेछ ।
५. घरबाटै व्यवसाय दर्ता नवीकरण र कर तिर्नसक्ने अनलाईन पोर्टलको विकास गरिनेछ । कर प्रणालीमा रहेका समस्या अध्ययन गरी समग्र राजस्व अभिवृद्धि गर्न राजस्व सुधार योजना कार्यान्वयन गरिनेछ ।
६. राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षणको व्यवस्था मार्फत सूचना संकलनको प्रभावकारी संयन्त्र स्थापना गरी परिचालन गरिनेछ ।
७. बैंक तथा वित्तीय संस्था लगायत अन्य संस्थाहरुको संस्थागत सामाजिक उत्तरदायित्वको उपयोग गरिनेछ।
८. घर तथा जग्गा बहाल करलाई राजस्वको अत्यन्तै महत्वपुर्ण श्रोतको रूपमा छुट्टै गणना सहितको प्रणाली विकास गरी राजस्वलाई अभिवद्धि गरिनेछ ।

९. समसामयिक राजस्व परिचालन तथा कर नीतिका बारेमा करदाता शिक्षा सम्बन्धीअभिमुखिकरण कार्यक्रम गरिनेछ।
१०. ताल तलैया, सामुदायिक वन, तिन पाङ्ग्रे सवारी साधन, लघु वित्त वित्तिय संस्था, साना पसल/ खोका/ ठेलालाइ करको दायरामा ल्याइनेछ ।
११. नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने वित्तिय संस्था, इन्टरनेट/ केवल सेवा प्रदायक निकायका शाखा कार्यालयहरु सञ्चालन गर्दा अनिवार्य रुपमा अनुमति लिनु पर्ने व्यवस्था गरिनेछ ।
१२. व्यक्तिको जग्गा नापजाँच/साधसिमाना छुट्याउदा तोकिएको निश्चित रकम राजश्व लिइ सेवा प्रदान गरिनेछ ।

## ४.३ न्याय सम्बन्धी नीति

१. नागरिकको न्यायमा सहज पहुँच बनाउने उदेश्यले सम्पूर्ण वडाहरुमा मेलिमिलाप केन्द्रलाई कार्यविधि बनाइ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
२. मेलमिलाप कर्तालाई प्रोत्साहन तथा क्षमता बिकास गर्न पुनर्ताजगी तालिम संचालन गरिनेछ ।
३. आम नगर बासीको न्यायमा पहुच अभिवृद्धि गर्न वडा टोल तथा बस्ति स्तरमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
४. यस नगरपालिका र अन्य स्थानीय तह विच न्याय सम्पादन, कार्यान्वयन, अनुभव र सिकाईहरु आदान प्रदान गरी न्यायिक प्रणाली प्रभावकारी बनाईनेछ ।
५. घोडाघोडी नगरपालिकामा विद्यमान सामाजिक भेदभाव, लैङ्गिक हिंसा र कुरीतिको अवस्था अध्ययन गरी समाधान गर्ने कार्यमा जोड दिईनेछ ।

## ४.४ वन, वातावरण तथा विपद व्यवास्थापन सम्बन्धी नीतिहरुः-

१. नगरभित्रको वन सम्पदालाई जगेर्ना गर्दै स्वच्छ,स्वस्थ र हरित नगरका रुपमा विकसित गर्दै लगिने छ ।
२. नगरक्षेत्र भित्रका निजि तथा सामुदायीक वन क्षेत्रमा "वातावरणमैत्री स्थानीय शासन "कार्यक्रमका सुचकहरुलाई प्रभवकारी रुपमा लागु गर्दै आय आर्जन संग जोडदै लगिने छ ।
३. वातावरण मैत्री स्थानीय शासनको सुनिश्चितता गर्न प्रत्येक वडामा कम्तिमा एउटा खूला क्षेत्रमा पार्क निर्माण गर्ने कार्यलाई प्रोत्साहनका रुपमा अगाढी बढाईनेछ ।
४. सडक,बाटोघाटो र सार्वजनिक स्थलमा हुन सक्ने दुर्घटना लाई न्युनिकरण गर्न प्रत्येक घर परिवारलाई आ-आफ्नो सामग्री र गाई वस्तुलाई आफ्नै जग्गा जमिनमा व्यवस्थापन गरेर राख्न आवश्यक रणनीतितय गरिनेछ ।
५. नगर सरसफाई र हरियाली प्रवर्द्धन एंव सुन्दरता वढाउन फुलहरु रोप्ने, बृक्षारोपण गर्ने कार्यक्रमलाई उत्साहका साथ अगाडि बढाईनेछ ।
६. सामुदयिक वन भित्र रहेका तालतलैया क्षेत्र वाट आय आर्जन गरिनेछ ।

७. स्थानीय स्तरमा दर्ता भएका निजि तथा सामुदायिक वनको प्रवर्धन गर्न अनुगमन र नियमन कार्यलाई थप प्राथमिकता दिईने छ ।
८. विपद जोखीम न्युनिकरण तथा व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष संचालन कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।
९. नगरपालिकाका १२ वटै वडाको विपद जोखिम क्षेत्र नकसाङ्कन गर्दै विपद जोखिममा परेका व्यक्ती,वस्ती र समुदायको तथ्यांक अध्यावधिक गरि विपद जोखीम न्युनिकरण पुर्व तयारी योजना प्रभावकारी रुपमा तय गरिने छ।
१०. विपद जोखिम न्युनिकरण गर्न पुर्व सुचना प्रणालीका साथै संचार जगतबाट सचेतनामुलक संदेश जारी गर्नुका साथै समुदाय स्तरवाट समेत प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।
११. सवै वडा कार्यालयहरुमा विपद व्यवस्थापन लागि न्युन्तम खोज तथा उद्धारका साधनहरुको व्यवस्था गरिनेछ।
१२. नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समितिका पदाधीकारिहरुको क्षमता अभिबृद्धी गर्न आवश्यक कार्यक्रममा जोड दिईनेछ ।
१३. स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई थप सुद्दढीकरण गर्दै लगिने छ ।
१४. वाढी तथा नदिले कटान गर्ने क्षेत्रमा घर,टहरा तथा वस्ती वसाउन नदिई त्यस्ता क्षेत्रहरुमा आवश्यक वृक्षारोपण र तटवन्ध गर्ने र सुरक्षित स्थानमा वस्ति स्थानान्तरण गरिनेछ ।
१५. फोहोरमैला व्यवस्थापन Solid Waste Management कार्यलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न र गराउन फोहोर उत्पादनको स्रोतमै फोहोरको बर्गिकरण गरि फोहोर संकलन कर्तालाई फोहोर उपलव्ध गराउने कार्य प्राथमिकताका साथ अगाढी वढाईनेछ ।
१६. वातावरण सन्तुलन कायम गर्न नगरस्तरमा प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन कार्यका लागि सरोकारवालाहरुको सहभागिता गराई समिति निर्माण गर्दै प्रभावकारी रुपमा नियन्त्रण गरिने छ।
१७. दिगो रुपमा पुर्वाधार विकास कार्यक्रमलाई अगाढी बढाई वस्ती तथा बजार व्यवस्थापन कार्यलाई स्वच्छ र प्रभावकारी वनाउन ढल व्यवस्थापन योजना प्राणाली निर्माणमा विशेष जोड दिईने छ ।
१८. सम्पुर्ण नगरवासीहरुलाई स्वच्छ,सफा र दुर्गन्धि रहित वातावरणमा जिवन निर्वाह गर्ने वातावरण सृजना गर्न दिशाजन्य लेदो व्यवस्थापनका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्यिनमा ल्याईनेछ ।
१९. विपद पश्चात उपलव्ध गराईने राहत,पुनर्स्थापना तथा पुर्ननिर्माणको कामका लागि उपलव्ध गराईने सहयोग विपद व्यवस्थापन कोष संचालन कार्यविधीको मापदण्ड बमोजिम हुनेछ ।
२०. सरसफाई र वातावरण संरक्षण सम्बन्धी कार्यलाई थप प्रभावकारी वनाउन सम्बन्धित वडा समितिले टोल विकास संस्था,भलमन्सा का साथै अन्य स्थानीय क्लवहरु लाई समेत परिचालन गरि तिब्रताका साथ कार्यान्वयन गरिनेछ ।
२१. विपद व्यवस्थापन कार्यलाई थप दुर्त गतिमा प्रभावकारी वनाउन स्मार्ट एलर्ट सिस्टम कार्यक्रम लाई निरन्तरताका साथ अगाढी बढाईने छ ।

## ५. पत्रकारिता सम्बन्धी नीति

१. घोडाघोडी नगरपालिकाका एफ एम रेडियो, छापा पत्रकारिता, अनलाइन पत्रकारिता प्रवर्द्धन गर्न पत्रकारिता कोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२. नगरपालिकाबाट सम्पादित कामको प्रचार प्रसार गर्ने सञ्चारकर्मीलाइ तोकिएको मापदण्डका आधारमा पुरुस्कृत गर्ने नीति लिइनेछ ।